# मानवीय सहायताको स्थानीयकरण

हामी मानवीय कार्यमा काम गरिरहेका तल हस्ताक्षरित संगठनहरू २०१६ को इस्तांनबुल विश्व मानवीय शिखर सम्मेलन (WHS) प्रक्रियामा उत्पन्न विस्तृत परामर्श र छलफललाई स्वागत गर्दछौं ।

अब समय आइसकेको छ मानवीय निकायहरुले WHS प्रक्रिया मार्फत उठेका सिफारिसहरुलाई प्रतिबद्धता ब्यक्त गर्ने र आफ्नो संगठनको काम गर्ने तरिकामा परिवर्तन गर्ने ।

हामी मान्यता दिन्छौ (हामिलाई लाग्दछ) कि राष्ट्रिय र स्थानीय निकायहरूले मानवीय प्रतिकार्यमा बढि र अधिक प्रभावकारी भूमिका खेल्न सक्छन् ।

**अन्तर्राष्ट्रिय एनजीओ हस्ताक्षरकर्ताहरूको मामलामा :-**
२०२० सम्ममा हामी ८ सूत्रीय परिवर्तनकालागि बडापत्रलाई लागू गर्नका लागि हाम्रा संगठनहरूलाई वचनबद्ध गर्दछौं साथै यो बिषयलाई कर्मचारी, साझेदार संघसंस्थाहरू, दातृनिकायहरू र अन्य सरोकारवालाहरूलाई प्रभावकारी रूपमा संचार गर्दछौ ।
हामी प्रगतिमा वार्षिक रुपमा प्रतिबेदन गर्नलाई पनि प्रतिबद्धता ब्यक्त गर्दछौ ।

**अन्तर्राष्ट्रिय एनजीओको साथ साझेदारीतामा काम गरिरहेका राष्ट्रिय र स्थानीय गैरसरकारी संस्थाहरूको सवालमा :-**
हामी परिवर्तनको लागि बडापत्रलाई समर्थन र अनुमोदन गर्दछौं ।
हामी हाम्रो अन्तर्राष्ट्रिय एनजीओ साझेदारहरू जो यस बडापत्रको हस्ताक्षरकर्ता हुन उनिहरुलाई यस बडापत्रप्रति उत्तरदायी बनाउछौं ।
हामी सक्रिय रूपमा उनीहरूको खोजी गरिरहेका छौं जो यस बडापत्रमा हस्ताक्षरकर्ताको रुपमा रहेका छैनन् उनिहरुलाई पनि हस्ताक्षर गराई प्रतिबद्ध बनाउनकालागि ।

## परिवर्तनका लागि बडापत्रका ८ बुँदाहरु

**बुँदा नं. १. मानवीय कार्यका लागि राष्ट्रिय र स्थानीय गैरसरकारी संस्थाहरूलाई प्रत्यक्ष सहयोग रकमको कोष बढाउनुहोस् ।**
२०१७ सम्ममा मानवीय सहायताको ०.4% मात्र सीधा राष्ट्रिय गैर-सरकारी निकायहरू (NGOs र CSOs) लाई मानवीय कार्यका लागि सारिएको/हस्तान्तरण गरिएको थियो - जम्मा २७.३ अर्ब अमेरिकी डलरमध्ये कुल ८४.० मिलियन अमेरिकी डलर।[1]
हामी उत्तर अमेरिकी र यूरोपीयन दाताहरु (संस्थागत दाता, Foundation र निजी क्षेत्र सहित) मा वकालत र नीतिगत प्रभाव को माध्यम बाट प्रतिबद्धता जाएर गर्दछौं ।
हामी उनीहरुलाई राष्ट्रिय र स्थानीय गैरसरकारी संस्थाहरुमा जाने मानवीय कोषको वार्षीक प्रतिशत बढाउन प्रोत्साहित गर्दछौं।
हामी २०२० सम्ममा कम्तिमा २५% आफ्नै मानवीय कोष राष्ट्रिय र स्थानीय गैरसरकारी संस्थाहरूलाई हस्तान्तरण गर्ने वचन दिन्छौं।
हामी हाम्रो एनजीओ साझेदारहरू लाई आफ्नो प्रत्यक्ष दाताहरु लाई उनीहरुको सीधा वित्त सहयोगको लक्ष्य को साथ परिचय गराउन प्रतिबद्ध छौं।

**बुँदा नं. २. साझेदारीताका सिद्धान्तहरूको पुष्टि गर्नुहोस्:** हामी २००७ मा ग्लोबल मानवीय प्लेटफर्म द्वारा शुरू गरेको साझेदारीताका सिद्धान्तहरू (समानता, पारदर्शिता, परिणाममुखी दृष्टिकोण, उत्तरदायित्व र परिपूरकता) मा हस्ताक्षर गरेका छौं।

**बुँदा नं. ३. राष्ट्रिय र स्थानीय गैरसरकारी संस्थाहरूको लागि स्रोत स्थानान्तरण वरिपरि पारदर्शिता वृद्धि:** पारदर्शिताको दृष्टिकोणमा एक महत्वपूर्ण परिवर्तन गर्न आवश्यक छ जस्तै अन्तर्राष्ट्रिय बिचौलिया मार्फत राष्ट्रिय निकायहरुलाई प्रदान गरिएको लगानीको विश्वास, उत्तरदायित्व र दक्षता निर्माण गर्ने।

[1] State of Humanitarian Systems Report, 2018, Page 83-85.

हामी मानवीय प्रतीकार्यमा सहयोग गर्ने संगठनका विविध दस्तावेजहरू हाम्रो सार्वजनिक खातामा प्रकाशितगर्न प्रतिबद्ध छौ साथै यी सार्वजनिक तथ्यांकहरू (वा प्रतिशत) इन्टरेजेन्सी स्थायी समिति (IASC)[2] को परिभाषा र अन्तर्राष्ट्रिय सहयोग पारदर्शिता पहल (IATI)[3] को मानक प्रयोग गरेर प्रकाशित गर्न प्रतिबद्ध छौं।

**बुँदा नं. ४. स्थानीय क्षमतालाई कमजोर सोच्न रोक्नुहोस्:** हामी राष्ट्रिय र स्थानीय गैरसरकारी संस्थाहरूमा काम गर्ने कर्मचारीलाई अन्तर्राष्ट्रिय निकाय तथा UN मा ल्याउने कुरालाई निरुत्साहित गर्न निष्पक्ष भर्ती नीतिहरू कार्यान्वयन गर्न प्रतिबद्ध छौं (किनकि यसले विशेष गरी आपतकालीन प्रतीकार्यको समयमा तिनीहरूको क्षमतालाई गम्भीर बनाउँदछ वा कमजोर बनाउछ)।
हामी हाम्रो पार्टनरहरूमा जस्तै सेकेन्डमेन्टहरू, सल्लाह दिने, अनुगमन वा राष्ट्रिय प्रतीकार्य क्षमता वृद्धि पहलहरूलाई समर्थन गर्ने विकल्पहरूको खोजी गर्नेछौं।

**बुँदा नं. ५. राष्ट्रिय निकायहरूको महत्त्वमा जोड दिनुहोस्:** हामी स्थानीय र राष्ट्रिय निकायहरूको माध्यमबाट काम गर्नका लागि दाताहरुलाई वकालत गर्न फ्रेमवोर्क साझेदार मूल्यांकनका लागी आफ्नो मापदण्डको हिस्सा र परियोजना प्रस्तावहरु लाई परीमार्जन गर्न आह्वान गर्दछौं।

**बुँदा नं. ६. उप ठेगेदारितालाई सम्बोधन:** हाम्रा स्थानीय र राष्ट्रिय सहयोगीहरू कार्यक्रमको प्रारम्भको डिजाइनको क्रममा संलग्न हुन्छन् र कार्यक्रम डिजाइन र साझेदारीताका नीतिहरूमा प्रभाव पार्ने बिषयमा बराबरी रूपमा निर्णय लिनमा भाग लिन्छन्।

**बुँदा नं. ७. संगठनात्मक समर्थन र क्षमता सुदृढीकरण:** हामी स्थानीय निकायहरुलाई मजबूत संगठन बन्न सहयोग गर्नेछौं जसले निरन्तर आफ्नो भूमिका सुधार गर्दछ र समग्र विश्वव्यापी मानवीय प्रतीकार्यमा भाग लिन्छ।
हामी पर्याप्त प्रशासनिक लागत सहयोग गर्नका लागि तयारछौं। क्षमता निर्माणमा हाम्रो गम्भीरताको परिक्षण यो छ कि २०२० सम्म यसमा हाम्रा साझेदारहरूलाई सहयोग पुऱ्याउन संसाधनहरू छुट्याइनेछ।
हामी हाम्रो मानवीय बजेटको प्रतिशत प्रकाशित गर्नेछौं जुन २०२० सम्ममा मानवीय क्षमता निर्माणको लागि साझेदारहरूमा सीधा जान्छ।

**बुँदा नं. ८. साझेदारहरूको बारेमा मिडिया र आम जनतासँग सञ्चार:** अन्तर्राष्ट्रिय र राष्ट्रिय मिडियालाई र जनतालाई जुनसुकै संचार गर्ने क्रममा हामी स्थानीय र राष्ट्रिय निकायहरुको भूमिकालाई बढावा दिनेछौं र जब सुरक्षा को हिसाब ले  अनुमति दिएसम्म उनीहरूले गरिरहेको कामलाई स्वीकार गर्नेछौं साथै उनीहरुलाई प्रवक्ताको रूपमा समावेश गर्नेछौं

द्वारा हस्ताक्षर गरिएको: (आईएनजीओ)

द्वारा अनुमोदित: (स्थानीय र राष्ट्रिय एनजीओहरु )

हस्ताक्षर गर्न वा परिवर्तनको लागि बडापत्रमा अनुमोदनका लागि तपाईंको संस्थाको वा संगठनको पूरा नाम लेखि कृपया एस लिंकमा ईमेल गर्नुहोस् admin@charter4change.org ।

मूल पाठ: जुलाई २०१५
संशोधित संस्करण फेब्रुअरी २०१९

[2] See Categories for tracking direct as possible funding to local and national actors
[3] Fully respecting security and not necessarily publishing the names of individual partners in conflict contexts.